नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिहदरबार, काठमाण्डौ,नेपाल ।
(अनुगमन तथा मूल्याङ्कन शाखा)

पं. सं.२०६७।६८अनुगमन शाखा , च.नं. :

मिति : २०६८।३।७

**अत्यन्त जरुरी**

**विषय : दर्ता चलानी जस्तो महत्वपूर्ण फाँटमा दर्जा पुगेको कर्मचारी नहुँदा कामको गुणस्तरमा फरक परेकोले बैकल्पिक ब्यबस्था हुनुपर्ने बारे ।**

श्री प्रिय सहकारी एवं उपसचिव
प्रशासा शाखा
शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

उपर्युक्त विषयमा यस शाखाको च. नं. १३५ मिति २०६७।१२।२२ को माननीय मन्त्रीज्यूको अध्यक्षतामा मिति २०६७।१२।२१ गतेका दिन बसेको मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिको बैठकको १६ बूदे निर्णयको प्रतिलिपि सहित संलग्न भएको पत्र स्थानीय शान्ति समितिको कार्यालय ललितपुरमा नपुगेको भनी गुनासो आउनुका साथै सो पत्रको नक्कल करिब २ महिना पछि खुदै शान्ति समितिका सचिव श्री राधेश्याम महर्जनले मन्त्रालयमा नै आई बुझेर लैजानु भएको छ भने कैलाली जिल्लामा समेत उक्त पत्र नपुगेको भनी गुनासो आएकोले आजै पुन: प्रतिलिपि पठाएको ब्यहोरा अनुरोध गर्दछु । चलानीबाट जाने पत्रहरु देशभरमा पठाउन कुन कुरिएर वा ब्यक्तिसँग मत्रालयको कुनस्तरमा मौखिक वा लिखित संझौता भएको छ वा छैन । सो को फलो अप गर्ने ब्यबस्था छ छैन । उक्त पत्रहरु नपुगेमा सो को जिम्मेवार पत्र लाने ब्यक्ति वा कुरिएर हुने ब्यबस्था छ छैन । सो बिषयमा यस शाखालाई कुनै जानकारी नभएकोले यस बिषयमा आबश्यक कारबाही भई गुनासो नआउने ब्यबस्था हुनका साथै चलानी फँटमा रहेका ३ जना का.स.तहका कर्मचारीको स्थानमा अन्यत्रका फाँटमा कार्यरत कम्प्यूटर चलाउन नजान्ने र शीर्फ पि.ए.को मात्र काम गर्ने खालका कर्मचारी मध्येबाट घटिमा एक जना दर्जा पुगेको कर्मचारी दर्ताचलानी फँटमा तत्काल खटिनु उपयुक्त हुने ब्यहोरा समेत हार्दिक अनुरोध गर्दछु । यो सामान्य बिषय नभई , नीतिगत बिषय भएकोले तत्काल सुधार हुनुका साथै अगामी दिनमा यस प्रकारको गुनासो नआउने ब्यबस्था हुने अपेक्षा समेत गर्दछु ।

पुनश्च : पूर्वपत्रको एक प्रतिप्रतिलिपि पनि संलग्न रहेको छ ।

(प्रेमप्रसाद सञ्जेल)
उप सचिव

**वोधार्थ :**
श्रीमान् सचिवज्यू,शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।